# आदिवासी जनजाति आयोगका पदाधिकारी तथा कर्मचारीको आचारसंहिता, २०७९

**प्रस्तावना**

आदिवासी जनजाति आयोगबाट सम्पादन गरिने काम कारबाहीलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, प्रभावकारी, पारदर्शी तथा विश्वसनीय बनाई सुशासनको मूल्य-मान्यता अनुरुप आयोगका पदाधिकारी तथा कर्मचारीहरुले सदाचारिता र नैतिकता प्रवर्ध्दन गरी पदीय मर्यादा कायम राख्न आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७(द) को अधिकार प्रयोग गरी आयोगले यो आचारसंहिता बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो आचारसंहिताको नाम "आदिवासी जनजाति आयोगका पदाधिकारी तथा कर्मचारीको आचारसंहिता २०७९" रहेको छ ।

१.२ यो आचारसंहिता आदिवासी जनजाति आयोगबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

२.१ "आयोग" भन्नाले नेपालको संविधानको धारा २६१ बमोजिम गठित आदिवासी जनजाति आयोगलाई जनाउँछ ।

२.२ "पदाधिकारी" भन्नाले आयोगका अध्यक्ष र सदस्यलाई जनाउँछ ।

२.३ "कर्मचारी" भन्नाले आयोगमा कार्यरत कर्मचारीलाई जनाउँछ र सो शब्दले आयोगले गठन गरेका समिति वा कार्यदलका सदस्य समेतलाई जनाउँछ ।

२.४ "परिवार" भन्नाले पदाधिकारी र कर्मचारीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहीता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शव्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको वाजे वज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासू ससुरालाई समेत जनाउँछ ।

**३. आचारसंहिता लागू हुने** : यो आचारसंहिता पदाधिकारी, कर्मचारी र आयोगले नियुक्त गरेका विज्ञहरुलाई लागू हुनेछ ।

**४. आयोगका पदाधिकारी र कर्मचारीले पालना गर्नुपर्ने पदीय मर्यादा तथा आचरण :**

४.१ आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, संवर्ध्दन तथा सशक्तिकरण गर्नको लागि स्वतन्त्र, निष्पक्ष र इमान्दारीपूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्नु पर्ने ।

४.२ विभिन्न जातजाति तथा समुदायबीचको सुसम्बन्धमा खलल पुर्याउने प्रकारको कार्य वा अभिव्यक्ति प्रकट गर्न नहुने ।

४.३ नेपालको संविधानमा उल्लेखित नागरिकका मौलिक हक र कर्तव्यको सम्मान, संरक्षण र पालना गर्न/गराउन प्रतिबध्द रहनु पर्ने ।

४.४ नेपालको संविधान, प्रचलित कानून, आदिवासी जनजाति आयोग ऐन, २०७४ एवं आयोगको नियमावलीको अधीनमा रही मुलुकको आर्थिक समानता, समृध्दि र सामाजिक न्याय सुनिश्चित गर्दै समृध्द राष्ट्र निर्माणमा केन्द्रित गरी आफ्नो पदीय जिम्मेवारी सक्रियताका साथ पूरा गर्नु पर्ने ।

४.५ आयोगको कार्य सम्पादन गर्दा वा पदीय दायित्व निर्वाह गर्दा प्रत्यक्ष वा परोक्ष रुपमा आउने आन्तरिक तथा बाह्य प्रभाव, प्रलोभन, दवाव, पूर्वाग्रह आदिबाट प्रभावित नभई स्वच्छता पूर्वक कार्य गर्नु पर्ने ।

४.६ मद्यपान तथा धुम्रपान गरी कार्यालय परिसरमा प्रवेश गर्न नहुने ।

**५. स्वार्थ बाझिएको विषयको निर्णय प्रकृयामा भाग लिन नहुने** : आयोगमा विचाराधीन कुनै विषयमा आयोगको कुनै पदाधिकारीको हित, सरोकार वा स्वार्थ रहेको वा निजको नजिकको नातेदार प्रत्यक्ष लाभान्वित हुने भएमा सम्बन्धित पदाधिकारीले त्यस्तो विषयमा आयोगबाट हुने निर्णय प्रकृयामा सहभागी हुन नहुने ।

**६. सदाचार र अनुशासन सम्बन्धी आचरण** :

आयोगका पदाधिकारी एवं कर्मचारीले देहायका कार्य गर्नु पर्नेछ ।

६.१ आयोगको उद्देश्य, नीति, कार्यक्रम, मूल्य र मान्यता प्रति सदा समर्पित रहने ।

६.२ संविधान, ऐन, कानुन, नियमावली, निर्णय र आफुलाई कानून वमोजिम तोकिएको कार्य निर्धारित समयसीमा भित्र तोकिएको लागत र गुणस्तरमा सम्पादन गर्ने ।

६.३ सरकारी कोष र सार्वजनिक सम्पत्तिको सदुपयोग एवं संरक्षण गर्ने, हिनामिना र दुरुपयोग हुन नदिने ।

६.४ कानून बमोजिम तिर्नु बुझाउनु पर्ने रकम, कर, दण्ड, जरिवाना, महसूल आदि समयावधि भित्रै तिर्ने बुझाउने ।

६.५ आयोगका कर्मचारीले निजामती सेवा सम्बन्धी कानून र आयोगको ऐन नियमावलीमा तोकिएका आचरण पालना गर्ने ।

६.६ आर्थिक बर्ष समाप्त भएको मितिले साठी दिनभित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण बुझाउने ।

६.७ कार्यालयमा निर्धारीत पोशाकमा नियमित रुपमा समयमै उपस्थित हुने र कार्यालय समय भन्दा अगावै विशेष काम परेमा स्वीकृति नलिइ कार्यालय छाड्न नहुने ।

६.८ पूर्व स्वीकृति गराएर मात्र विदामा बस्ने ।

**७. आयोगका पदाधिकारी एवम् कर्मचारीले देहायका कार्य गर्नु नहुने :**

७.१ विभिन्न जातजाति, समुदाय तथा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुर्याउने कुनै काम ।

७.२ कुनै पनि व्यक्ति तथा समुदायको अपमान, अवहेलना, लैंगिक हिंसा तथा सामाजिक वैमनस्यता उत्पन्न हुने काम ।

७.३ आयोगको सहमति बिना आयोगको तर्फबाट अनाधिकृत प्रतिनिधित्व र प्रतिवध्दता गर्ने ।

७.४ आफू र आफन्त वा परिवारसँग सम्बन्धित कुनै काम गर्न वा गराउन, नगर्न वा नगराउन आफू कार्यरत वा अन्य निकायका पदाधिकारी वा व्यक्तिलाई दवाब दिन वा अनुचित प्रभाव पार्न ।

७.५ कर्तव्य पालनको सिलसिलामा जानकारीमा आएका कानून बमोजिम गोप्य राख्नु पर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा परोक्ष रुपबाट प्रकाशन वा प्रकट गर्न ।

७.६ आयोगको कामसँग स्वार्थ बाझिने पक्षबाट कुनै दान, दातव्य, ऋण, आर्थिक वा भौतिक लाभ, उपहार वा कोशेली लिन ।

**८. आयोगका पदाधिकारी एवं कर्मचारीले पदको दुरुपयोग गर्न नहुने :**

८.१ आफ्नो ओहदा एवं अख्तियारी आफू वा आफ्नो परिवार वा अन्य कसैलाई अनुचित लाभ पुग्ने गरी प्रयोग गर्न ।

८.२ आयोगको सम्पत्ति र सुविधा कार्यालय प्रयोजनको लागि वा आफ्नो पदीय हैसियत विपरीत प्रयोग गर्न ।

**९. आयोगका पदाधिकारी एवं कर्मचारीले देहायका कार्य गर्न हुन्छ :**

९.१ आयोगको काम कारबाहीमा प्रतिकूल प्रभाव नपर्ने गरी आफूले विशेषज्ञता हासिल गरेको बिषयमा लिखित वा मौखिक परामर्श, प्रवचन दिन वा अध्ययन अनुसन्धान वा लेखन गर्न ।

९.२ साहित्य, कला, संस्कृति, खेलकुद, ज्ञान-विज्ञान, प्रविधि, मनोरञ्जन सम्बन्धी पेशागत, सामाजिक तथा परोपकारी संस्थाहरुमा सदस्य हुन र त्यस्ता मञ्चहरुमा सहभागी हुन ।

९.३ आयोगले गोप्य राख्नु पर्ने विषयहरु र आयोगको उद्देश्य, नीति तथा कार्यक्रमका सम्बन्धमा प्रतिकूल असर नपर्ने गरी लेख रचना प्रकाशन गर्न ।

९.४ प्रचलित कानून बमोजिम स्थापित बैंकिङ् एवम् वित्तीय संस्था तथा सार्वजनिक कम्पनीहरुले सार्वजनिक रुपमा जारी गरेको ऋणपत्र, बचतपत्र, सेयर खरिद/बिक्री गर्न तथा लाभांश लिन ।

९.५ सबैका लागि खुल्ला गरिएको प्रतिस्पर्धामा सहभागी भई पुरस्कार, पदक, प्रमाणपत्र एवं सम्मान ग्रहण गर्न ।

९.६ नेपाल सरकार वा वैदेशिक संस्था वा कुनै सार्वजनिक संस्थाले आयोजना गरेको कार्यक्रम, समारोह, भोज भतेर वा रिसेप्सनमा सहभागी हुन ।

**१०. आचारसंहिताको अनुगमन :**

यस आचारसंहितामा लेखिएका बिषय पालना भए नभएको अनुगमन देहायका पदाधिकारीबाट गरिने छ,

१०.१ अध्यक्षको हकमा आयोगबाट

१०.२ सदस्य वा सचिवको हकमा आयोगको अध्यक्ष वा आयोगले तोकेको सदस्यबाट

१०.३ अन्य कर्मचारीको हकमा सचिव वा निजले तोकेको अधिकृतबाट

१०.४ यस आचारसंहिताको पालना गर्नु पदाधिकारी र कर्मचारीको कर्तव्य हुने छ ।